# आर्थिक वर्ष ०७६/७७
# को
# गाउँपालिका विकास योजना

## विरुवा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## गण्डकी प्रदेश, स्याङ्जा ।

# विषय सूचि


| विषय वस्तु | पेज नं |
|---|---|
| वार्षिक नीति तथा कार्यक्रम | २ |
| बजेट बक्तव्य | ९ |
| विनियोजन विधेयक, २०७६ | १८ |
| बजेट मात्रिक्स | २१ |
| आर्थिक विधेयक ,२०७६ | २२ |
| आगामी आ.व.का लागि अनुमानित कर तथा गैर कर राजस्व रकम | २४ |
| आ.व.२०७६।७७ का लागि चालु तर्फको प्रस्तावित खर्च विवरण | ३८ |
| वडागत तथा विषयगत खर्च प्रतिशत | ४० |
| वडा नं १ अन्तर्गतका योजना तथा कार्यक्रमहरु | ४२ |
| वडा नं २ अन्तर्गतका योजना तथा कार्यक्रमहरु | ४३ |
| वडा नं ३ अन्तर्गतका योजना तथा कार्यक्रमहरु | ४४ |
| वडा नं ४ अन्तर्गतका योजना तथा कार्यक्रमहरु | ४५ |
| वडा नं ५ अन्तर्गतका योजना तथा कार्यक्रमहरु | ४७ |
| वडा नं ६ अन्तर्गतका योजना तथा कार्यक्रमहरु | ४८ |
| वडा नं ७ अन्तर्गतका योजना तथा कार्यक्रमहरु | ४९ |
| वडा नं ८ अन्तर्गतका योजना तथा कार्यक्रमहरु | ५१ |
| गाउँपालिका स्तरीय योजना तथा कार्यक्रमहरु | ५२ |
| प्रदेश तथा संघमा सिफारिस गरिएका योजनाहरु | ५४ |
| आर्थिक वर्ष २०७६।७७ को संघीय कार्यक्रमहरु | ५९ |
| पाँचौ गाँउ सभाका निर्णयहरु | ६३ |

# आर्थिक वर्ष ०७६/७७
# को
# नीति तथा कार्यक्रम

## विरुवा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### गण्डकी प्रदेश, स्याङ्जा ।

गाउँ सभाको बैठकमा

अध्यक्ष श्री चुन प्रसाद शर्मा ज्यूले प्रस्तुत गर्नु भएको

आर्थिक वर्ष २०७६/७७ को

नीति तथा कार्यक्रम

# वार्षिक नीति तथा कार्यक्रम

**विरुवा गाउँपालिकाको पाचौ गाउँसभा मितिः २०७६/३/१० गते गाउँपालिकाका अध्यक्ष श्री चुनप्रसाद शर्मा ज्यूले प्रस्तुत गर्नु भएको आगामी आ.व. ०७६/०७७ को वार्षिक नीति तथा कार्यक्रम**

१. ऐतिहासिक संविधान सभाबाट जारी भएको नेपालको संविधान अनुरुप मुलुक संघीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्ने दिशामा हामी अगाडी बढिरहेका छौ । यस अवसरमा नेपालको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्यमा रुपान्तरित भएको छ । संघिय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि भएको ऐतिहासिक जनआन्दोलन शसस्त्र संघर्ष एवं सामाजिक परिवर्तनका क्रममा साहदत पाउनुहुने ज्ञात अज्ञात सहिदहरु प्रति यस घडीमा भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै बेपत्ता एवं पिडित नागरिक प्रति सम्मान व्यक्त गर्दछु । नेपालको युगान्तकारी परिवर्तनका लागि भएको लोकतान्त्रीक आन्दोलनमा नेतृत्वदायी योगदान पु-याउनु भएका नेपाल कम्यूनिष्ट पार्टीका संस्थापक नेता स्व. पुष्पलाल श्रेष्ठ , जननेता स्व.मदन भण्डारी , जननायक स्व. वि.पि. कोईराला प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्न चाहान्छु ।

२. नेपालको इतिहासमा पहिलो पटक संविधानको भावना अनुरुप संघीयतालाई कार्यान्वयन गर्ने उदेश्यका साथ पहिलो स्थानीय तहको ऐतिहासिक निर्वाचनमा विरुवा गाउँपालिकाबासी जनसमुदायले आफ्नो अमूल्य मत द्वारा हामीलाई विजय गराई सामाजिक न्याय सहितको परिष्कृत समाज, दिगो शान्ति,विकास, सुसासन र समृद्ध विरुवा गाउँपालिका बनाउने अभिभारा सहितको जिम्मेबारी पूरा गर्न २०७५/३/२२ गते तेश्रो गाउँ सभाद्वारा पारित निति तथा कार्यक्रमलाई कार्यान्वय गर्दै आज आगामी आर्थिक वर्ष २०७६/०७७ का लागि यो गरिमामय पाचौ गाउँसभामा निति तथा कार्यक्रम प्रस्ताव गर्दछु ।

३. स्थानीय सरकार भौतिक संरचनाको अभाव र विषयगत जनशक्ति एवं कर्मचारीको अभाव र केन्द्रीय ऐन, नियमको अष्पस्टताको बाबजुद पनि जनभावना , जन आकांक्षा र स्रोत परिचालन गरेर प्रशासनिक सुशासन , नागरिकका अपेक्षा र समृद्धिको चाहाना पुरा रग्न दृढ संकल्पित छ । संवैधानिक व्यवस्था अनुसार गाउँसभा र स्थानीय सरकारको गठन भै संचालनमा आएको दुई वर्ष पुरा भै सकेको छ । यो शासकीय प्रणालीको सवलीकरणको माध्यामबाट संविधानको पूर्ण कार्यान्वय गर्दै समाजबाद तर्फको यात्रा प्रारम्भ गर्न प्रतिबद्ध छौ ।

४. नेपालको संविधानले अंगीकार गरेको तीन तहको संघीय संरचनालाई कार्यान्वयन गर्ने अभिभारा स्थानीय तह र स्थानीय सरकारको सामू रहेको छ । राजनितिक दल , नीजि क्षेत्र , राष्ट्र सेवक कर्मचारी,शिक्षक सुरक्षा निकाय , नागरिक समाज , पत्रकार जगत लगायत सबै लाई आ-आफ्नो क्षेत्रबाट संविधान कार्यान्वयनमा सहयोग गर्न अपिल गर्दछु ।

५. विरुवा गाउँपालिकाको समग्र उन्नती र प्रगतिको लागि चालु आर्थिक वर्ष ०७४/७५ , २०७५/७६ का लागि पारित भएका नीति तथा कार्यक्रमलाई निरन्तरता दिदै आगामी आर्थिक वर्ष ०७६/७७ का लागि देहाय बमोजिमको नीति तथा कार्यक्रमहरु प्रस्ताव गर्दछु ।

## आर्थिक विकास

६. सरकारी, सहकारी र निजी ३ खम्बे आर्थिक नीति अवलम्वन गरिनेछ ।ग्रामिण क्षेत्रको विकासको मेरुदण्ड कृषि नै रहेको हुँदा कृषि उत्पादन वृद्धि गर्नका लागि विशेष कार्यक्रम संचालन गरिनेछ । वीउ उत्पादन क्षेत्रघोषण गरी वीउ उत्पादन कार्य शुरु गरिनेछ । जसका लागि प्रदेश सरकार र केन्द्र सरकारसंग सहकार्य गरिनेछ । हरेक वडामा नमुना कृषि अभियान अन्तर्गत एक वडा एक नमुना कृषि कार्यक्रम संचालन भै आएकोमा आगामी आ.ब. बाट किसानको मागका आधारमा नमुना कृषि कार्यक्रम थप गरिनेछ ।

७. भू उपयोगको नीतिको आधारमा कृषिको आधुनिकीकरण तथा व्यवसायीकरण गर्दै प्रमुख बालीहरुको उत्पादनामा आत्मनिर्भर गराउन आर्थिक र सामाजिक रुप ले पछि परेका कृषक केन्द्रीत कार्यक्रम संचालन गर्न सम्वन्धित निकाय र कृषकको सम्वन्ध जोडेर कृषिमा आत्मनिर्भर गराउने नीति लाई निरन्तरता दिईनेछ ।

८. जमिनलाई बाँझो राख्ने प्रवृतिलाई निरुत्साहित गर्दै कृषि भूमिमा पानी सिचाँईमा लगानी को नीति अनुरुप कार्य गरिनेछ । उन्नत मल विउ र औजारमा अनुदानको नीति लिइनेछ । किसानबाट उत्पादित वस्तुको वजार व्यवस्थापन गर्नका लागि ८ वटै वडाहरूलाई क्रियाशिल गराईनेछ । साथै एक गाउँ एक उत्पादनको नीति लागु गरिनेछ । सुन्तला कफि अदुवा कागती सुपरजोनको कार्यक्रम लागु गर्ने नीति अवलम्वन गरिनेछ । साथै कृषि उपज संकलन केन्द्र स्थापनाको लागि जोड गरिनेछ ।

९. सहकारी क्षेत्रलाई **आर्थिक समृद्धि जनताको जी वनस्तरमा वृद्धि** कृषिको व्यवसायीकरण र रोजगारी अभिवृद्धिको माध्यमका रुपमा अगाडी वढाइनेछ ।

१०. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत एक घर एक रोजगारको नीति लिईनेछ ।

११. गरिबीको रेखामुनी रहेको जनताहरको पहिचान गरी यसै वर्ष भित्र परिचयपत्र वितरण गरिनेछ सोको आधारमा सेवा सुविधा र सहुलियत प्रदान गरिने निति लिईनेछ ।

१२. फुसको(खर) छाना भएका घर परिवारको लगत लिई प्राथामिकताको आधारमा क्रमशः हटाउदै लगिने निती लिईनेछ । घरबासै नभएका घरपरिवारको पहिचान गरी घरवास विहिन परिवारलाई प्राथामिकताका आधारमा आवास निर्माण कार्यक्रमको निति लिईनेछ ।

१३. स्थानीय उद्योगी व्यापारी र निर्माण व्यवसायीहरुको समन्वयमा विरुवा उद्योग बाणिज्य संघ ईकाई गठन भैसकेको छ । विरुवा उद्योग बाणिज्य संघका माध्यामबाट स्वरोजगार कार्यक्रममा जोड दिदै युवा जनशक्तिलाई स्थानीय क्षेत्रमा नै काम गर्ने वातावरण सृजना गर्ने नीति लिईएको छ । परम्परागत रुपमा संचालन गर्दै आईरहेको घरेलु उद्योगहरुलाई व्यवसायीक रुपमा संचालन गर्न प्रोत्साहन गर्ने नीति लिईनेछ ।

१४. विरुवा गाउँपालिकालाई आत्म निर्भर बनाउनु तपाईँ हाम्रो सबैको कर्तब्य हो । कानुनको अधिनमा रही एकीकृत सम्पत्ति कर, घरबहाल कर, व्यवसाय कर, नक्सा पास, सवारी साधन कर, निर्माण सामाग्री कर, मनोरञ्जन कर , विज्ञापन कर आदि करहरूलाई कार्यान्वयनमा ल्याईनेछ । व्यवस्थित गर्दै सफ्टवयरमा जोडिनेछ ।

१५. पर्यटन क्षेत्र राष्ट्रिय अर्थतन्त्रको मूल आधार वन्दै आएको सन्दर्भलाई मध्यनजर राख्दै विरुवा गाउँपालिका क्षेत्र भित्र रहेका ऐतिहासिक , धार्मिक, साँस्कृतिक एवं प्राकृतिक सौन्दर्य यु क्तस्थानहरुको खोजी गर्ने, पहिचान गर्ने र प्राथमिकताको आधारमा पर्यट कीय स्थलका रुपमा विकास गर्दे लगिनेछ । ऐतिहासिक मनकामना मन्दिर , नारायणेश्वर शिवमन्दिर , क्यूथान डाँडा भ्यूटावर , राङभाङ , गजेपोखरी, लेवा, कालिछाँया, मिनाहाम गुफा क्षेत्रलाई धार्मिक एवं विशेष पर्यटकीय क्षेत्रको रुपमा अगाडी बढाईनेछ ।

१६. औधोगिक ग्राम स्थापनाका निम्ति उपयूक्त जग्गाको खोजि गरी औधोगिक लगानीको बातावरण सृजना गर्ने नीति लिईनेछ ।

१७. पर्यटन विकास तथा प्रवर्द्धन गर्न उपयूक्त ठाउँहरुमा होमस्टे स्थापना गर्ने नीति लिईनेछ ।

## <u>सामाजिक विकास्</u>

१८. स्वस्थ शिक्षित र सभ्य नागरिक तयार गर्नु हामी सबैको दायित्व हो । गुणस्तरीय शिक्षा र स्वास्थ्यमा गाउँपालिकावासी सबैको पहुँच पुगोस भन्ने कुरामा ध्यान दिँदै सबै विद्यालयमा सूचना तथा संचार प्रविधिलाई अनिवार्य गर्ने,पुस्तकालय विज्ञान प्रयोगशाला र कम्प्यूटर ल्याब स्थापना गर्ने, सामुदायिक

विदयालयको शिक्षालाई गुणस्तरीय , प्रतिस्पर्धी बनाउन प्रभावकारी अनुगमन र प्रतिफलमुखी जवाफदेहिताको वातावरण सिर्जना गरिनेछ ।

१९. स्वास्थ्य सबैभन्दा ठूलो सम्पत्ति हो । स्तरीय स्वास्थ्य सेवा पाउनु प्रत्येक नागरीकको नैसर्गिक अधिकार होः संविधान प्रदत मौलिक हक पनि हो । यसैलाई मध्येनजर गर्दै गाउँपालिका मा २५ शैयाको एक आधुनिक अस्पताल र प्रत्येक वडामा कम्तिमा एउटा स्वास्थ्य चौकी स्थापना गर्ने नीती लिइनेछ । स्वास्थ्य विमा मार्फत सबैलाई स्वास्थ्यको पहुँच भित्र यसै वर्ष ल्याईने निति लिईनेछ । साथै प्राथामिक स्वास्थ्य केन्द्र स्थापनामा जोड दिईनेछ साथै यसै वर्ष एक एम्बुलेन्स खरिद गरि आकसमिक सेवा प्रदान गरिनेछ ।

२०. सुरक्षित मातृत्व कार्यक्रमलाई सफल बनाउदै शिशु मृत्युदर न्यून गर्न स्वास्थ्य संस्थामा सुत्केरी गराउन प्रोत्साहन गरिनेछ । स्वास्थ्य संस्थामानै सुत्केरी हुने महिलालाई पोषणका लागि दिदै आएको रु. १०००/- लाई निरन्तरता दिईनेछ । उपचारात्मक कार्य भन्दा निवारक र प्रवर्धनात्मक कार्यक्रमलाई प्राथमिकता दिईनेछ । गाउँपालिका भित्र एक आयुर्वेदिक औषधालय स्थापना गर्ने नीति लिईनेछ ।

२१. हाम्रो परिकल्पना समद्ध विरुवा गाउँपालिका हुनेछ । व्यवस्थित र समृद्ध गाउँ निमार्णमा सेवाक्षेत्र भित्रका आर्थिक सामर्थ्यको पहिचान र परिचालनमा विशेष जोड दिँ दै समाजमा पछि परेका वर्ग समुदायहरुलाई माथि उठाउने कार्यक्रम संचालनको नीति लिईनेछ । हरेक वडामा भौगोलिक अवस्थाको अध्ययन गरी एक नमूना वस्ती(model village)को परिकल्पना गरी आगामी वर्ष देखी शुरु गर्न वडा समितिले कार्य गर्नुपर्ने योजना बनाईने छ ।

२२. विरुवा गाउँपालिकाको पार्श्व चित्र Village Profile र स्रोत नक्शाङ्कन सकिएको छ एवं गुरुयोजना तयार गरि सकिएको छ । जसमा अल्पकालिन , मध्यकालिन र दीर्घकालिन गरी आवधिक योजना निर्माण गरीएको छ आगमी दिनमा यसैलाई आधार मानी योजना कार्यान्वियन गरिने छ ।

२३. स्वच्छ खानेपानी पाउनु प्रत्येक नागरिकको हक हुनेछ । सोही अनुसार व्यवस्थापकीय जिम्मेवारी गाउँपालिकाको सम्झी स्थानीय स्तरमा भएका पानी मुलको खोज गर्ने , संरक्षण गर्ने र **एक घरएक धारा**, एक घर एक शौचालयको नीति लिई सोही अनुरुप कार्य ग रिएको छ । यसै वर्ष भित्र गाउँपालिकालाई पूर्णसरसफाई घोषणा गरिनेछ । आगामी दुई वर्ष भित्र यो लक्ष्य शत प्रतिशत पुरा हुनेगरी कार्य गरिनेछ ।

२४. हरेक टोलमा टोल विकास समिति गठन गरी टोल विकास , वातावरणीय सरसफाई , सामाजिक समावेशीकरण लगायत विविध कार्यमा सक्रिय बनाउने नीति लाई निरन्तरता दिईनेछ । साथै विकास निर्माण कार्यक्रमलाई द्रुत गतिमा अघि बढाउन साझेदारी कार्यक्रम संचालन गरिनेछ ।

२५. खेलप्रेमी युवाहरुलाई **सक्षम खेलाडी , प्रतिस्पर्धी खेलकूदद्वारा** शारीरि क, मानसिक र सामाजिक रुपमातन्द्रुस्त राख्न,सामुहिक भावनाको विकास गर्न र अनुशासित जीवनको विकास गर्ने उद्देश्य राखी खेलप्रेमीले भागलिन सक्ने गरी रङ्गशाला, खेल मैदान र पार्कहरु निर्माण गर्दै लग्ने नीतिअनुरुप वडा नं. ८ मेथाभुरुङमा मापदण्ड अनुरुपको खेलमैदान निर्माण गरिएको छ । भलिवल खेललाई राष्ट्रिय खेलको रुपमा अघि बढाईएको हुँदा उक्त खेललाई प्रोत्साहन गर्नका लागि एक टोल , एक भलिवल खेल मैदान निर्माण गर्ने नीति लिइनेछ । सामाजिक रुपान्तरणको आन्दोलनका प्रमुख व्यत्तित्वहरु पुष्पलाल श्रेष्ठ र मदन भण्डारी को स्मृतिमा स्थपना गरिएको यसै गाउपालिका वाड नं ८ मेथाभुरुङ स्थित २५ रोपनी क्षेत्रफलमा निर्माण शुरु भएको पुष्पमदन खेल मैदानलाई प्राथमिकतामा राखी राष्ट्रिय खेलहरु संचालन गर्न सक्ने गरी रंगशाला निर्माणको लागि कार्यक्रम अघि बढाईनेछ । विरुवा गाउँपालिकाको आयोजनामा वार्षिक रुपमा अध्यक्ष कप भलिवल खेल सञ्चालन गरिनेछ ।साथै एक वडा एक खेल मैदान निर्माणको निति लिईनेछ । विद्यालय स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता लाई निरन्तरता दिदै हरेक वर्ष सञ्चालन गरिनेछ ।

२६. सवै जाती, भाषा , धर्म, संस्कृतिको संरक्षण र सम्बर्धन गर्दै धार्मिक सहिष्णुतालाई बलियो बनाउँदै आ आफ्नो पहिचान कायम राख्न सहयोग गरिनेछ ।

२७. लैंगिक समानता र सामाजिक समावेशीकरण लाई ध्यानमा राख्दै समतामूलक समाजको नि र्माण गर्ने, समाजमा रहेका सबै प्रकारका विभेदहरुलाई अन्त्य गर्ने नीति लिईनेछ ।

२८. जेष्ठ नाग रिक हामी सवैका प्रेरणाका श्रोत हुन् । उहाँहरुको मान मर्यादा र सम्मान गर्नु हामी सबैको कर्तव्य हो । उपयुक्त स्थानहरुमा जेष्ठ नागरिक आवास गृह , पार्क, वाचनालय आदि निर्माण गरी उहाँहरुलाई विश्राम, मनोरञ्जन र निःशुल्क आवासको सुविधा उपलब्ध गराउने तथा उहाँहरको स्वास्थ्य अवस्था थाहापाउन घरदैलो स्वास्थ्य सेवा प्रदानको निति लिईनेछ ।

२९. महिला शशक्तिकरण एवं महिला सहभागितामा महिसलाहरुकै पहुँच वृद्धि गर्ने कार्यक्रमहरु संचालनमा विशेष जोड दिईनेछ । राष्ट्रपति महिला उद्यम कार्यक्रम अन्तर्गत मागमा आधारित उद्यमशिल कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

३०. गाउँपालिका भित्रका सामूदायिक विद्यालयहरुको भौतिक पूर्वाधार निर्माणका लागि कार्य योजना बनाईनेछ । एक स्थानीय तह एक प्राविधिक शिक्षालय स्थापनाको नीति लिईनेछ ।

३१. आधारभूत तहको सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर अभिबृद्धि र बालमैत्री शिक्षाका लागि गाउँ शिक्षा योजना बनाई कार्यान्वयन गरिनेछ ।

## <u>पूर्वाधार विकास</u>

३२. महाविनाशकारी भूकम्पबाट कतिपय नागरिकहरुको घरहरु क्षति हुन पुगेको मापुन निर्माण प्राधिकरणसंग समन्वय गरी हाल सम्म २८१ परिवारको घर पुन निर्माण गरिसकिएको छ भने छुटेका घरधुरीहरुलाई गुनासो फारम भराई पुननिर्माणमा सुचिकृत गर्ने कार्य जारी राखिएको छ । स्थानीय स्तरमा विपद् व्यवस्थापन कोष खडा गरी भविष्यमा हुन सक्ने भवितब्यलाई ब्यवस्थापन गर्ने नीति लिईनेछ ।

३३. स्थानीय तहको सडकको मापदण्ड तय गरे अनुरुप हाल सम्म २७ कि.मी. ग्राभेल र २ कि.मी. कालोपत्रे गर्ने कार्य गरिसकिएको र गाउँपालिका भित्रका सबै टोल बस्तीमा सडक संजाल निर्माण गर्न विशेष जोड दिईनेछ । प्रदेश र स्थानीय तहसम्म आउने जाने मुख्य सडक र न्यूनतम पूर्वाधार पूरा भएका ग्रामीण सडकहरुलाई क्रमशः स्तरउन्नती गर्दै कालोपत्रे गर्ने कार्यक्रममा समाबेश गरी कालोपत्रे गर्न प्रदेश र केन्द्रसंग पहल गरिनेछ ।

३४. राष्ट्रिय गौरबको रुपमा रहेको ज्याग्दी खोला करीडोर विरुवा गाउँपालिका भएर गएको विदितै छ । यसलाई आबश्यक वजेट सहित समयमानै सम्पन्न गर्न केन्द्रमा विशेष पहल गरिनेछ । ज्याग्दी खोला करीडोरसंग जोडिएका मुख्य सडकहरु समेतलाई केन्द्रीय योजनामा समावेश गर्न सम्बन्धित निकायमा पहल गर्ने नीति लिईनेछ ।सबै वडाहरुवाट गाउँपालिका केन्द्रसम्म नजोडिएका सडकहरुलाई यसै वर्ष जोड्ने र जोडिएका सडकहरुको स्तरोन्नती गर्दै लग्ने नीति लिईनेछ ।बास्तरा खोला - राउसेघाट पक्कीपुल, म्याङखोला- आम्बोट पक्कीपुल र स्याङदी खोला , गैरीघाट पक्की पुल निर्माणको लागि विशेष पहल गरिनेछ । गाउँपालिका भित्रका प्रमुख भौतिक पूर्वाधारहरुको योजनाहरुलाई प्रथामिकताका आधारमा डि.पि.आर. तयार गर्नका लागी बजेटको व्यवस्था गरिनेछ ।

३५. **कृषि भूमिमा पानी सिंचाईमा लगानी** भन्ने अवधारणा अनुरुप गाउँपालिका भित्रका खेतीयोग्य जमिनहरुमा सिचाईँको प्रबन्ध मिलाउने नीति लिईनेछ ।

३६. **दीगो र पर्यावरण मैत्री विकास, हरियाली युक्त बस्ती र सुरक्षित आवास भन्ने कार्यक्रम** लाई आत्मसाथ गर्दै गाउँपालिका सदरमुकाम लगायत सबै वडामा रहेका आवासयोग्य स्थानहरुमा एकीकृत वस्ती विकासको कार्यक्रमलाई अघि बढाउँदै साना शहरको रुपमा विकास गर्ने नीति लिईनेछ । यसरी वस्ती

विकास गर्दै गर्दा जैविक विविधताको संरक्षण ,जलवायु प्रणालीलाई सन्तुलित र प्राकृतिक स्रोतहरुको दीगो व्यवस्थापनका लागि स्थानीय समुदायलाई परिचालित गरिनेछ ।

३७. भूकम्प सुरक्षित आवास निर्माण गर्नका लागि स्थानीय कालिगढहरुलाई तालिम दिईसकिएको छ । घर निर्माण गर्नुपूर्व नक्सा पास गरी गाउँपालिकाबाट स्वीकृत गर्नुपर्ने ब्यवस्था गरिनेछ । साथै यसै वर्ष देखी ठूला सिंचाई आयोजना संचालन गरिनेछ ।

३८. स्थानीय ज्याग्दी खोलामा बग्ने पानीको स्थायी बहाबको अध्ययन गरिनेछ । संभाब्यताका आधारमा भविष्यमा घरघरमा विजुली जनजनमा शेयरको नीति अनुरुप जनताको साझेदारीमा वि द्यूत उत्पादन गर्ने कार्यक्रमलाई अघि बढाईनेछ । विद्युतिकरणलाई विश्वासिलो भरपर्दो स्थायी बनाउनु हाम्रो कर्तव्य हो । अधिकांश ठाँउमा काठको पोल रहेको र जिर्ण भैसकेकाले ६०० स्टिलपोल फेर्ने कार्य सकिसकिएको छ भने आगामी आ.ब. भित्र काठको पोल विस्थापित गरी स्टिल पोल राख्ने कार्य गरिनेछ ।

३९. गाउँपालिका भित्रका सबै बस्तीहरुमा सूचना तथा संचार र प्रविधिको पहुँ चपु-याउन आबश्यक प्रबन्ध मिलाउनु साथै सामुदायिक रेडियो संचालनका लागि पहल गरिनेछ । जसमा स्थानीय ब्यापारी उद्योगी र जनताको संयुक्त लगानीलाई प्रथामिकता दिईनेछ ।

४०. विरुवा गाउँपालिका भित्रका अधिकांश घरधुरीमा सामुदायिक ग्रामीण विधुत उपभोक्ता समितिद्वारा विद्यूतीकरण भएको छ । यसलाई एकीकृत गरी एउटै समिति मातहात लाने प्रयास गरिनेछ । भरपर्दो र विश्वसनीय सेवा उपलब्ध गराउन आवश्यक व्वस्थापकीय एवम् प्राविधिक पक्षमा सुधार गरिनेछ । काठका पोलहरू विस्थापित गरी क्रमशः स्टील पोलहरू राख्ने नीति अगाडी बढाईनेछ । र सडक बत्तीको अवधारणा ल्याईनेछ ।

४१. गाउँपालिका भित्रका सामुदायिक विद्यालय वडा कार्यालय एवं अन्य सरकारी कार्यालयहरुमा वैकल्पिक एवं नविकरणीय उर्जा प्रणाली जडान गर्ने नीति लिईनेछ । घर घरमा वायोग्यास र सुधारिएको चुलो जडान कार्यलाई प्राथामिकता दिईनेछ ।

४२. आगामी आर्थिक वर्ष ०७६/७७ देखी गाउँपालिकाको कार्यालय भवन सभाहल र वडा कार्यालय भवनहरुको निर्माण कार्य शुर गर्दै लगिनेछ । सदरमुकाम वरपर रिङरोडको अवधारणा शुरु गरिनेछ ।

४३. झोलुङ्गे पुलको आवश्यकता भएका ठाँउहरुमा आवश्यकताका आधारमा निर्माण गर्दै लगिनेछ ।

## वातावरण तथा विपद् व्यवस्थापनः

४४. महत्वपूर्ण वनस्पति , जडीबुटी र अन्य पैदावर विस्तारमा जोड दिइनेछ । वनलाई वातावरण एवम् जलवायु मैत्री पूर्वाधारको रुपमा अगाडी वढाउँदै वन संरक्षणको नीति लिइनेछ । गाउँपालिका क्षेत्रभित्र रहेका सीमसार र जलाधार क्षेत्रको संरक्षण गर्ने , वगैंचा, वृक्षारोपण, हरियाली प्रवर्धन र सार्वजनिक सौन्दर्य अभिवृद्धि हुने कार्यक्रम संचालन गरिनेछ । न्यूनतम १ घर २ फलफुलका विरुवा रोप्ने अभियान लागु गरिनेछ ।

४५. स्थानीय नदी, खोला, पोखरी, ताल तलैया, धार्मिक स्थल, खानेपानीको मुहान, खुला क्षेत्र, सडक, टोल वा अन्य सार्वजनिक क्षेत्रहरुमा सफाई सुनिश्चित गरिनेछ । जलउत्पन्न प्रकोप नियन्त्रण गर्नका लागि आवश्यक कार्यहरू थालनी गरिनेछ ।

४६. प्राकृतिक विपद् बाट हुने भौतिक तथा मानवीय क्षति न्यूनीकरण गर्न आवश्यक कार्यहरू गरिनेछ । साथै नदि नियन्त्रणका लागि तटबन्धन निर्माण गरिनेछ ।

## संस्थागत विकास, सेवा प्रवाह र सुशासन

४७. यस गाउँपालिका तहमा आधुनिक र साधनश्रोत सम्पन्न सूचना तथा अभिलेख केन्द्र स्थापना गरिनेछ । स्थानीय तहका सबै सूचनाहरू अनलाइन मार्फत् राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रमा प्रवाहित गरी ग्रामिण पर्यटन विकासमा सहयोग पु-याउनेछ । यो कार्यक्रमलाई वडा तहसम्म विस्तार गरिनेछ । सबै

विद्यालय, प्रशासनिक भवन , सभा भवन , स्वास्थ्य चौकी , सुरक्षा निकाय र सेवाकेन्द्रहरूमा निःशुल्क इन्टरनेट सेवा उपलब्ध गराउन यसै वर्ष पहल गरिनेछ ।

४८. पारदर्शिता, जवाफदेहिता, जनमुखी र मुस्कान सहितको सार्वजनिक सेवा प्रवाहका निम्ति कर्मचारी व्यवस्थापन एवम् क्षमता अभिबृद्धिमा विशेष जोड दिईनेछ ।कार्य सम्पादनका आधारमा शिक्षक कर्मचारीलाई सम्मान गरिनेछ ।

४९. गाउँपालिका भित्र रहेका सबै सरकारी तथा गैरसरकारी संघ-संस्थाहरूको तथ्याङ्क संकलन गरी तिनको क्षमता अभिबृद्धि गर्नका लागि अभिमुखीकरण कार्यक्रम संचालन गर्ने र सामाजिक विकास कार्यमा लाग्न प्रोत्साहन गरिनेछ ।

५०. संविधानमा व्यवस्था भए बमोजिम गाउँपालिकाका निर्वाचित उपाध्यक्षको संयोजकत्वमा न्यायीक समिति गठन गरिसकिएको , न्यायिक समितिद्धारा गरीव , असहाय तथा पिछडिएका समुदायका व्यक्तिहरूको न्यायमा सहज पहूँच पु-याउन निःशुल्क कानूनी परामर्श तथा सहयोगको व्यवस्था गरिनेछ । समाजमा अनावश्यक रुपमा मुद्दा मामिला गर्ने प्रवृत्तिलाई निरुत्साहन गरिनेछ ।

५१. स्थानीय तहको प्रशासनिक संरचना , न्यूनतम दरबन्दी संख्याका कारण प्रभावकारी सेवा प्रदान गर्न कठिन भएको कारण कर्मचारी तथा शिक्षक दरबन्दी मिलान एवं पुरा गर्न सम्बन्धित निकायहरुसंग समन्वय गरिनेछ ।

५२. राष्ट्रिय एकता र भौगोलिक अखण्डतामा आँच पु-याउन सक्ने कुनैपनि विभाजनकारी र विखण्डनकारी क्रियाकलापलाई कानूनको दायरामा ल्याईनेछ । जनतामा देशभक्ति र राष्ट्रिय हीतको चेतना फैलाउँदै राष्ट्रिय स्वाधिनता र स्वाभिमानको रक्षा गरिनेछ ।

५३. अन्तमा, आ.व. २०७६/७७ का लागि यस विरुवा गाउँपालिकाको तर्फबाट पेश गरिएको नीति तथा कार्यक्रम माथि छलफल गरी केही अपूर्ण भएको भए महत्वपूर्ण सुझाव सहित पारित गरिदिनुहुन अनुरोध गर्दछु ।

धन्यवाद । जय विरुवा गाउँपालिका ।

<u>**प्रस्तुतकर्ताः**</u>

**चुनप्रसाद शर्मा**

**अध्यक्ष**

**विरुवा गाउँपालिका स्याङ्जा ।**

# आर्थिक वर्ष ०७६/७७
# को
# बजेट वक्तव्य

## विरुवा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### गण्डकी प्रदेश, स्याङ्जा ।

**गाउँ सभाको बैठकमा**

**उपाध्यक्ष श्री देवी कुमारी थापा ज्यूले प्रस्तुत गर्नु भएको**

**आर्थिक वर्ष २०७६/७७ को**

**बजेट वक्तव्य**

**यस सभाका अध्यक्ष ज्यू,**
**सभाका सदस्यज्यूहरू,**
**गाउँ कार्यपालिकाको कार्यालयका प्रमुख प्रशासकीय अधिकृत लगायत अन्य राष्ट्रसेवक कर्मचारी मित्रहरू**

१. यस विरुवा गाउँपालिकाको उपाध्यक्षको हैसियतले पाचौँ गाउँ सभामा आगामी आर्थिक वर्ष ०७६/७७ को लागि बजेट प्रस्तुत गरिरहँदा गौरवको महसुस गरेको छु । यस महत्वपुर्ण अबसरमा मुलुकलाई संघीय लोकतान्त्रिक गणतन्त्रको युगमा ल्याउने क्रममा जीवन उत्सर्ग गर्नुहुने सम्पुर्ण महान सहिदहरु तथा राष्ट्रप्रति समर्पित दिवङ्गत आदरणीय व्यक्तित्वहरुमा भावपूर्ण श्रदाञ्जली अर्पण गर्दछु । राष्ट्रियता र स्वाधिनताको रक्षा गर्दै न्यायपुर्ण समाज निर्माण र समृद्धिको मार्गमा एकताबद्ध रहेका यस विरुवावासी जनता र राजनीतिक नेतृत्व प्रति उच्च सम्मान प्रकट गर्न चाहान्छु ।

२. यस विरुवा गाउँपालिकाले यस अघि १ आर्थिक वर्षको बजेट तर्जुमा गरी पुर्ण रुपमा कार्यान्वयन भईसकेको र चालु आ.व.को बजेट कार्यान्वयनको अन्तिम चरणमा रहेको छ । यस अवस्था सम्म आईपुग्दा संघ, प्रदेश र स्थानीय तहको समन्वय र सहकार्यबाट श्रोत, साधन र अवसरको अधिकतम परिचालन गर्दै समृद्धि तर्फ अघि बढ्ने आधारशिला तयार भएको छ । नेपाल सरकारको राष्ट्रिय आकंक्षा **"समृद्ध नेपाल, सुखी नेपाली"** हासिल गर्ने मार्गमा दृढताका साथ अघि बढेको अवस्थामा विरुवा गाउँपालिकाले समेत सामाजिक न्याय सहितको तीव्र विकास, सुशासन सहितको जनउत्तरदायी स्थानीय सरकार र सभ्य, सुसंस्कृत एवं कर्तव्यनिष्ठ समाज निर्माण गर्दै पूर्ण लोकतन्त्र तथा समाजवाद उन्मुख स्थानीय अर्थव्यवस्था निर्माणका लागि विरुवा गाउँ कार्यपालिका प्रतिवद्ध छ ।

३. गण्डकी प्रदेशमा अवस्थित यस विरूवा गाउँपालिका प्राकृतिक श्रोत साधन, कृषि तथा पशुजन्य विकास, पर्यटनको विकासमा अद्वीतिय सम्भावना रहेको गाउँपालिका हो । सोही अनुरुप विरुवा गाउँपालिकाका जनताको जीवनस्तरको गुणस्तर बृद्धि र यस गाउँपालिका अन्तर्गत रहेका श्रोत साधनको अधिकतम तथा दिगो परिचालन तथा उपलब्ध अन्य अवसर र सम्भावनाहरुको उपयोग गरी पुर्वाधार विकासका साथसाथै आर्थिक सामाजिक विकासको निम्ति आधारशीला तयार भएको छ । चालु आर्थिक वर्षको विरुवा गाउँपालकाको नीति तथा कार्यक्रम र बजेट कार्यान्वयनबाट सुशासन, विकास र समृद्धिको दरिलो आधारशिला निर्माण तथा विरुवावासीको जीवनस्तरमा त्यसको प्रतिफल देखिन थालेको छ । स्थानीय स्तरमा रोजगारीका आवसरहरु सिर्जना गरी गरिवी, विपन्नता, निरक्षरता र पछौटेपनको अन्त्य गर्न गाउँपालिका प्रतिवद्ध रहेको छ । विरुवा गाउँपालिका अन्तर्गत आधारभूत शिक्षा तथा प्राथमिक स्वास्थ्य सेवामा पहुँच र सामाजिक सुरक्षाको प्रत्याभूति सुनिश्चित हुँदै गएको छ ।

४. अब म आगामी आर्थिक वर्षको लागि योजना तथा कार्यक्रमहरूको तर्जूमा गर्दा अपनाइएका मुख्य मुख्य विधिहरूको यहाँहरू समक्ष संक्षेपमा विवेचना गर्न चाहन्छु ।

५. नेपालको केन्द्रीकृत शासन व्यवस्थालाई संघीय शासन व्यवस्थामा रूपान्तरण गर्ने गरी नेपालको संविधान जारी भई लागू भएको हामीहरू सबैलाई विदितै छ । सोही शिलशिलामा केन्द्रमा रहेका अधिकार स्थानीय सरकारहरूमा हस्तान्तरण भईरहेको विद्यमान अवस्था छ । स्थानीय सरकारहरूको गठन पश्चात यहि आषाढ १० गते भित्र स्थानीय सरकारहरूले आगामी आर्थिक

वर्षका लागि नीति , योजना तथा कार्यक्रमरू आ-आफ्नो सभामा पेश गर्नु पर्ने कानूनी व्यवस्था रहेको छ ।

६. आगामी आर्थिक वर्षका लागि वस्तीस्तरबाट योजना तथा कार्यक्रमहरू तयार भई वडा समितिहरूले ती योजना तथा कार्यक्रमहरूलाई प्राथमिकीकरण गरी बजेट तथा कार्यक्रम तर्जूमा समितिमा पठाउने व्यवस्था मिलाइएको छ । सो कार्यपूर्व गाउँपालिकाले संघ तथा प्रदेश सरकारबाट यस गाउँपालिकाको लागी समानीकरण, सशर्त राजश्व बाँडफाँड अनुदानमार्फत आगामी आ.व. को लागि सिलिङ उपलब्ध गराएको थियो । उपाध्यक्षको संयोजकत्वमा रहेको राजश्व परामर्श समितिबाट करका दरहरू सहित आगामी आर्थिक वर्षका लागि आन्तरिक आयको प्रक्षेपण भएको छ । श्रोत अनुमान समितिको आन्तरिक आय प्रक्षेपण तथा संघ तथा प्रदेश सरकारबाट प्राप्त बजेट सिलिङको दायरामा रही गाउँपालिकाका अध्यक्षको संयोजकत्वमा रहेको श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले आगामी आर्थिक वर्षका लागि कूल सिलिङ निर्धारण गरेको छ । गाउँ कार्यपालिकामा बजेट निर्माणका लागि विभिन्न विषयगत समितिहरू तथा विषयगत क्षेत्र समूहहरूको गठन गरिएको छ । वडा स्तरबाट प्राथमिकीकरण गरि पठाएका योजनाहरूलाई कार्यपालिका अन्तर्गतका विभिन्न समितिहरू तथा समूहरूमा छलफल गरी गाउँकार्यपालिकाको बैठकबाट आगामी आर्थिक वर्षको लागि बजेट तर्जूमा गरी कार्यपालिकाको बैठकबाट पारित भई छलफलका लागि आजको यस सभामा पेश गरिएको छ ।

७. अब म आगामी आर्थिक वर्षका लागि बजेट तथा कार्यक्रम तयार पार्दा लिइएका आधारहरूको संक्षेपमा जानकारी गराउन चाहन्छु । आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम तयार पार्दा निम्नानुसारका कानून/ नीति तथा दस्ताबेजहरूको सहयोग लिइएको छ ।

- नेपालको संविधान
- नेपाल सरकारको पन्ध्रौं योजना( २०७६/७७-२०८०/८१) को आधारपत्र
- विरुवा गाउँपालिकाको एकीकृत विकास योजना
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- आर्थिक कार्यविधी ऐन, २०५५
- सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४
- विरुवा गाउँपालिकाको सार्वजनिक खरिद नियमावली, २०७६
- स्थानीय तहको वार्षिक योजना, बजेट तर्जूमा दिग्दर्शन, (परिमार्जित)
- नेपाल सरकारको आर्थिक वर्ष २०७६/७७ को वार्षिक नीति तथा कार्यक्रम
- नेपाल सरकारको आर्थिक वर्ष २०७६/७७ को बजेट वक्तव्य
- गण्डकी प्रदेशको वार्षिक नीति तथा कार्यक्रम
- गण्डकी प्रदेशको वजेट वक्तव्य
- विरुवा गाउँपालिकाको आर्थिक वर्ष ०७६/७७ को नीति तथा कार्यक्रम
- नेपाल सरकारले बेला बेला गरेका नीतिगत निर्णयहरू
- सार्वजनिक खर्चमा मितव्ययीता र प्रभावकारिता कायम गर्ने सम्बन्धी नीतिगत मार्गदर्शन, २०७५
- दीगो विकास लक्ष्यहरू
- बजेट तर्जूमा सम्बन्धी प्रचलित नेपाल कानूनका सान्दर्भिक दफा तथा नियमहरू ।

८. आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम तर्जूमा सम्बन्धी कार्यहरू वस्तीस्तरबाट शुरू गरी वडा कार्यालय, विषयगत समिति , योजना तथा कार्यक्रम तर्जूमा समितिमा छलफल गरी गाउँ कार्यपालिकामा छलफलको प्रबन्ध मिलाई गाउँ कार्यपालिकाको सिफारिसले आजको यस गाउँसभामा पेश गरेको बेहोरा समेत सबै गाउँ सभाका सदस्यहरूलाई जानकारी गराउन चाहन्छु ।

९. अब म यस आ.व. सकिदै लाग्दा यस आबको बजेट कार्यान्वियनको बारे विवेचना गर्न चाहान्छु । यस आर्थिक वर्षमा विरुवा गाउँ कार्यपालिका र अन्तर्गतका वडा कार्यालयका काम कार्बाहीलाई सुचना प्रविधि मैत्री बनाउने कार्यमा अत्यन्तै सफलता प्राप्त भएको छ । सम्पुर्ण वडामा ईन्टरनेटको पहुँचको व्यवस्था मिलाई व्यक्तिगत घटनादर्ता प्रणालीलाई पुर्णतया अनलाईन मा आधारित गराईएको छ । साथै आन्तरिक कर संकलन कार्यको निम्ति पनि पुर्ण रुपले अनलाईन वेब बेसमा आधारित सफ्टवेयर जडान गरी सम्बन्धित कर्मचारीलाई तालिम समेत प्रदान गरी सञ्चालनमा ल्याईएको छ । लेखा प्रणालीलाई पनि नेपाल सरकार मन्त्रीपरिषद निर्णयअनुसार यस आ.व.को सुरुवात देखी नै वेब बेसमा आधारित सुत्र प्रणाली मार्फत सञ्चालन गरिएको छ ।

१०. यस गाउँपालिका अन्तर्गत आधारभुत शिक्षा, प्राथमिक स्वास्थ्य सेवाको सुनिश्चितताको निम्ति यथेष्ठ कार्यक्रम कार्यान्वियनमा ल्याईएको छ । यस आ.व.मा अधिकांश बजेट पुर्वाधार निर्माण कार्यमा विनियोजन गरेको तथा जनताका आकंक्षा समेत पुर्वाधार तर्फ सडक निर्माणमा रहेकोले ठूलो आकारको बजेट स्थानीय सडक निर्माण कार्यमा खर्च भएको छ ।

११. पशु तथा कृषि विकास कार्यक्रमहरु पर्याप्त रुपमा सञ्चालनमा आएका छन । एक वडा एक नमुना कृषि कार्यक्रम प्रभावकारी रुपमा सञ्चालनमा आएका छन । उद्धमशील महिला कृषि कार्यक्रम पनि प्रभावकारी रुपमा सञ्चालन आएको छ ।

१२. युवा सीप विकास तथा रोजगार प्रर्बर्द्धन कार्यक्रमहरु यथेष्ठ सञ्चालनमा आएका छन । प्रधानमन्त्री रोजगार कार्यक्रमको प्रभावकारी कार्यान्वियन बाट वडा नं. ८ र वडा नं. ६ मा रोजगारी सृजना गरिएको छ ।

१३. विरुवा गाउँ कार्यपालिकाको आफ्नै अस्थाई भवन बनाई त्यहीबाट कार्यसञ्चालनको कार्य सुरुवात गरिएको छ । यसले गाउँपालिकाको घरभाडामा हुने आर्थिक व्यय भार न्युन गर्न सहयोग गरेको छ ।

१४. खानेपानी तथा सरसफाई तर्फ पर्याप्त सफलता हाँसिल भएको छ । यस गाउँपालिका अन्तर्गत रहेको पश्चिम नेपाल सरसफाई तथा खानेपानी आयोजना द्वारा प्रमूख ३ आयोजना सम्पन्न गरिसकेको छ भने १ आयोजना सञ्चालन भईरहेको छ साथै सहायक रुपमा विभिन्न मुल संरक्षण तथा अन्य आयोजना समेत सम्पन्न भईसकेका छन र यस कार्यक्रमद्वारा पर्याप्त सरसफाई कार्यक्रमहरु सञ्चालन गरेको छ। साथै यसै आर्थिक वर्षदेखि पश्चिम नेपाल ग्रामिण खानेपानी तथा सरसफाई परियोजना ( WASH) को समयवधी समाप्ति हुने भएकोले उक्त परियोजनालाई धन्यवाद ज्ञापन गर्दछु ।

१५. पर्यटन विकास गरी यस गाउँपालिकालाई पर्यटकीय गन्तव्यको रुपमा विकास गर्न पर्याप्त योजना सञ्चालन गरिएको छ । यसै गाउँपालिकाको पर्यटकीय सम्भावना भएको मनकामना मन्दिर नजिकै गहते मनकामना होमस्टे सञ्चालनमा ल्याईएको छ ।

१६. यस आ.व.मा पर्याप्त रुपमा दलित, जनजाती, महिला लक्षित कार्यक्रम सञ्चालनमा ल्याईएको छ । अति विपन्न परिवारको निम्ति विद्युतीय विस्तार कार्यक्रम सञ्चालन ल्याइ प्रत्येक घरमा विद्युत आपुर्तिको व्यवस्था मिलाउन कार्यक्रम कार्यान्वयनमा ल्याईएको छ ।

१७. विरुवा गाउँपालिकाको समग्र क्षेत्रको एकीकृत विकास योजना निर्माण गरी आगामी वर्षको लागी योजना तथा कार्यक्रम तर्जुमामा त्यसै गुरुयोजनालाई आधार मानी तर्जुमा गरिएको छ ।

१८. समग्रमा चालू आर्थिक वर्ष सन्तोषजनक रुपमै व्यतित भएको मैले अनुभव गरेको छु । यस आर्थिक वर्षमा गाउँ कार्यपालिकाको कार्यालयमा पर्याप्त कर्मचारी नहुनु, एकीकृत रुपमा सेवा प्रवाह प्रयोजनको निम्ति प्रशासकीय भवनको अभाव हुनु, उपभोक्ता समिति मार्फत योजना तथा कार्यक्रम सम्पन्न गर्दा समयमै भुक्तानी हुन नसक्नु तथा अन्य विविध समस्या विद्यमान रहेतापनि आगामी आर्थिक वर्षमा अझै सघन रुपमा सेवा प्रवाह तथा विकास निर्माणका कार्यहरु अघि बढाईनेछ । यस तर्फ सम्पुर्ण सरोकारवालाहरुको चासो र चिन्ता रहनेछ भन्नेमा पुर्ण अपेक्षा पनि लिएको छु ।

**<u>अध्यक्ष महोदय,</u>**

१९. अब म चालु आर्थिक बर्ष २०७५।०७६ अन्त्यसम्ममा हुने आय व्ययको अनुमानित विवरण पेश गर्न अनुमति चाहान्छु । चालु आर्थिक वर्षमा नेपाल सरकार सशर्त अनुदान तर्फ रु १३ करोड १५ लाख प्राप्त हुने अनुमान गरिएकोमा संघीय सरकारबाट हस्तान्तरित कार्यक्रममा बृद्धि भई रु १३ करोड ८० लाख ४२ हजार प्राप्त हुने संशोधित अनुमान रहेको छ । त्यस्तै नेपाल सरकार समानीकरण अनुदान तर्फ ७ करोड २९ लाख, संघीय सरकार राजश्व बाँडफाँड तर्फ ५ करोड ४ लाख ५८ हजार, गण्डकी प्रदेश प्रदेश समानीकरण अनुदान तर्फ १ करोड १३ लाख ३५ हजार, गण्डकी प्रदेश प्रदेश सवारी साधन कर बाँडफाँड तर्फ १९ लाख ४६ हजार प्राप्त हुने अनुमान गरेकोमा सोही अनुसार अनुदानहरु प्राप्त भईरहेको छ ।

२०. त्यस्तै गरी स्थानीय पुर्वाधार विकास साझेदारी कार्यक्रमको लागि ३९ लाख ५० हजार, झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रमको लागि ५९ लाख, जेष्ठ नागरिक दीर्घ सेवा सम्मान र सामाजिक सुरक्षा कार्यक्रमको लागि ५ करोड ६ लाख ८५ हजार, गरिव सँग विश्वेश्वर कार्यक्रमको लागि ३ लाख ९४ हजार, स्थानीय स्वायत्त शासन तथा सामुदायिक विकास कार्यक्रमको लागि ३ लाख ५ हजार, प्रधानमन्त्री रोजगार कार्यक्रमको लागि १४ लाख २ हजार, गरिव घरपरिवार पहिचान तथा परिचयपत्र वितरण कार्यक्रमको लागि १३ लाख ९४ हजार ९ सय अनुदानहरु प्राप्त भएका छन । साथै गण्डकी प्रदेश प्रदेश, सामाजिक विकास मन्त्रालयबाट खेलमैदान निर्माण कार्यको लागि यस गाउँपालिकाको समेत साझेदारी थप गर्ने गरी रु १५ लाख अनुदान समेत प्राप्त भएको छ । यसरी अन्य अनुदान तर्फ कुल ६ करोड ५५ लाख ३० हजार ९ सय रकम प्राप्त भएको छ ।

२१. त्यस्तै गरी यस आ.व. मा आन्तरिक आम्दानी तर्फ रु ८६ लाख ८० हजार प्राप्त हुने अनुमान गरिएकोमा २०७६ असार ९ गते सम्म रु १८ लाख ९४ हजार २ सय ६१ मात्र संकलन भएको र असार मसान्त सम्म ३६ लाख २ हजार मात्र संकलन गर्ने संशोधित अनुमान रहेको छ । आन्तरिक ऋण रु २९ लाख ८१ हजार प्राप्त गर्ने अनुमान गरिएकोमा कुनै पनि आन्तरिक ऋण स्वीकार गरिएको छैन । गत आर्थिक वर्षको अल्या तर्फ २ करोड २५ लाख बचत हुने प्रारम्भिक अनुमान गरिएकोमा कुल ३ करोड २१ लाख २० हजार ९ सय ४२ बचत भएको छ । गत आर्थिक वर्षको अल्ल्या बचतमा बृद्धि भएको रकमबाट चालु आर्थिक बर्षको आन्तरिक आम्दानीमा नपुग भएको रकम र आन्तरिक ऋण बाट विनियोजित योजना तथा कार्यक्रममा खर्च गर्ने व्यवस्था मिलाएको छु । सम्पुर्ण प्राप्त अनुदानहरु, आन्तरिक आम्दानी तथा गत वर्षको अल्ल्या बचत रकम गरी चालु

आर्थिक बर्षमा विरुवा गाउँपालिकाको कुल बजेट रु ३६ करोड ७८ लाख ३० हजार ९ सय कायम रहने संशोधित अनुमान रहेको छ ।

२२. अब म यस आर्थिक वर्षमा हुने व्ययको अनुमान पेश गर्न अनुमति चाहान्छु । यस बर्षमा सशर्त अनुदान र अन्य अनुदानमा प्राप्त भएको बजेट अन्तरसरकारी वित्तीय हस्तान्तरण हुँदा योजना तथा कार्यक्रममै तोकिएर आएकोले सोही बमोजिम कार्यान्वयन हुँदै गईरहेको छ । सो बाहेक बाँकी रहेको रकम रु १७ करोड ८ लाख मध्ये चालु तर्फ ४ करोड ९८ लाख र पुजिगत तर्फ १२ करोड १० लाख बिनियोजन भएकोमा हिउँदे गाउँसभाबाट संशोधन गरी चालु बाट पुजीगतमा १० लाख रकम रकमान्तर गरिएको थियो । जसमध्ये यस आ.ब. को अन्त्य सम्ममा चालु तर्फ रु ४ करोड ३ लाख खर्च हुने अनुमान रहेको छ । जुन ८२.५९ प्रतिशत हुन आउँछ । त्यस्तै यस आ.ब. को अन्त्य सम्ममा पुजिगत तर्फ रु १० करोड ४५ लाख खर्च हुने सँशोधित अनुमान रहेको छ । जुन विनियोजित रकमको ८५.६६ प्रतिशत हुन आउँछ । त्यस्तै गरी चालु /पुजीगत गरी जम्मा रु १४ करोड ४८ लाख खर्च हुने अनुमान रहेको छ । जुन कुल विनियोजित रकमको ८४.८० प्रतिशत हुन आउँछ । यसरी चालु पुजिगतमा गरी कुल रकम रु २ करोड ६० लाख बचत हुन आउने प्रारम्भिक अनुमान रहेको छ । समपुरक कोष तथा अन्य विविध शिर्षकमा विनियोजित पुरा रकम खर्च हुन नसक्दा, दरबन्दी अनुसारका कर्मचारी नहुँदा सो रकम बचत हुने अनुमान गरिएको हो । यसरी बचत रकम यसै गाउँपालिकाको आगामी आर्थिक वर्ष २०७६/०७७ का योजना तथा कार्यक्रममा विनियोजन गर्ने व्यवस्था मिलाएको छु ।

**अध्यक्ष महोदय,**

२३. अव म यस गरिमामय सभामा आगामी आर्थिक वर्ष २०७६/७७ को लागि अनुमानित आय व्यय पेश गर्ने अनुमति चाहन्छु । आगामी आर्थिक वर्षको लागि अनुमानित कूल बजेट रू. ३३ करोड ८७ लाख ३० हजार कायम हुने प्रारम्भिक अनुमान छ । जस मध्ये नेपाल सरकारबाट वित्तीय समानीकरण अनुदान तर्फ ८ करोड १६ लाख, नेपाल सरकारबाट सशर्त अनुदान तर्फ १४ करोड ६ लाख, संघीय राजश्व बाँडफाँड तर्फ ६ करोड १५ लाख, प्रदेश वित्तीय समानीकरण अनुदान तर्फ १ करोड २१ लाख २५ हजार, प्रदेश राजश्व बाँडफाँड तर्फ २३ लाख ५ हजार, प्रदेश सशर्त अनुदान तर्फ १ करोड, यस आ.व. बचत २ करोड ६० लाख र आन्तरिक आयश्रोत तर्फ ४६ लाख रकम प्राप्त हुने अनुमान गरिएको छ । झट्ट हेर्दा आन्तरिक आयश्रोतको प्रक्षेपण केही महत्त्वाकांक्षी देखिएतापनि यसलाई सार्थक बनाउन सबै गाउँपालिकाबासी लाई हार्दिक अनुरोध गर्दछु । आन्तरिक आयश्रोत तर्फका करका दरहरू छुट्टै अनुसूचीमा प्रस्तुत गरेको छु ।

२४. आगामी आर्थिक वर्षका लागि चालू खर्च तर्फ कूल ५ करोड ९० लाख प्रस्ताव गरेको छु । यस मध्येबाट गाउँपालिका अन्तर्गत रहेका सम्पूर्ण कर्मचारीहरूको तलब भत्ता तथा कार्यालय सञ्चालन खर्च प्रस्ताव गरिएको छ । चालू खर्च तर्फ नै जनप्रतिनिधीहरूको लागि तलब भत्ता समेत प्रस्ताव गरिएको छ ।

२५. आगामी आर्थिक वर्षका लागि पुजीगत खर्च तर्फ आर्थिक विकास क्षेत्रमा १ करोड ८० लाख ५५ हजार, सामाजिक विकास क्षेत्रमा २ करोड ८९ लाख १५ हजार, भौतिक पुर्वाधार विकास क्षेत्रमा ४ करोड २२ लाख ८० हजार, वन वातावरण तथा विपद व्यव्यस्थापन क्षेत्रमा ३२ लाख ८० हजार, संस्थागत विकास तथा सेवा प्रवाह क्षेत्रमा १ करोड ६६ लाख रकम विनियोजन गरेको छु ।

२६. आगामी आर्थिक वर्षमा थुप्रै योजनाहरू संघ र प्रदेशको सहकार्यमा सम्पन्न हुनेछन् । त्यस्ता ठूला खालका योजनाहरूमा संघ/ प्रदेश तथा स्थानीय तहको लागत साझेदारी रहने छ । लागत

साझेदारीका आयोजनाहरू सम्पन्न गर्नका लागि छुट्टै समपूरक कोषमा **रू २ करोड** बजेट प्रस्ताव गरेको छु ।

२७. गाउँपालिकाको योजना निर्माण प्रकृयालाई विकेन्द्रीत तथा वडाहरूलाई समेत विकास योजनाहरू छनौट गर्न स्वायत्तता मिलोस भनी प्रत्येक वडालाई न्युनतम **रू. ४० लाख देखी अधिकतम रु ४५ लाख**का दरले आयोजना तथा कार्यक्रम छनौट गर्ने व्यवस्था मिलाईएको छ । ती आयोजना तथा कार्यक्रमहरूको लागि कूल **३ करोड ४० लाख** बजेट विनियोजन गरेको छु । प्रत्येक वडालाई उपलब्ध भएको श्रोत सुनिश्चितताबाट प्राप्त आयोजनालाई हुबहू योजना पुस्तिकामा प्रस्ताव गरेको छु ।

२८. विरुवा गाउँपालिकाको समग्र विकासका लागि कृषि र पर्यटन क्षेत्रको विकास नै पहिलो शर्त हो । त्यसैले कृषि क्षेत्रको प्रवर्द्धन तथा परम्परागत कृषि प्रणालीमा आधुनिक प्रविधिको प्रयोग गरी कृषि क्षेत्रको विकासमा टेवा पु-याउने कार्यक्रमहरू लागू गर्ने प्रस्ताव गरेको छु । वडा स्तरबाट श्रोत सुनिश्चितता भएका कार्यक्रमहरूलाई यथावत प्रस्ताव गरी नमुना कृषि कार्यक्रमको लागि थप **५६ लाख** बजेट प्रस्ताव गरेको छु । उपाध्यक्ष महिला उद्यमशील कृषि कार्यक्रमका लागि **२० लाख** बजेटको प्रवन्ध मिलाएको छु । त्यस्तै नगद लागत साझेदारीमा कृषि अनुदान प्रयोजनको निम्ति छुट्टै **२० लाख**को प्रस्ताव गरिएको छ । युवा आय आर्जन कार्यक्रमका लागि थप **१० लाख** बजेट प्रस्ताव गरेको छु । कृषि उत्पादनको क्षेत्र पहिचान गर्न माटो परीक्षण कार्यको निम्ति आवश्यक व्यवस्था मिलाएको छु । पशु औषधी तथा कार्यक्रमको निम्ति आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

२९. विरुवा गाउँपालिकामा पर्यटक आगमनलाई प्रवर्द्धन गर्न विशेष कार्यक्रमको प्रस्ताव गरेको छु । मनकामना मन्दिर क्षेत्र वृहत्तर विकास डि.पि.आर. कार्यको निम्ति रू. १० लाख बजेटको प्रस्ताव गरिएको छ । वडा नं. ७ को अतिमहत्वपूर्ण , यस गाउँपालिकाको धार्मिक आस्थाको धरोहर मनकामना मन्दिर जाने बाटोमा सिंडी निर्माण गर्न रू. १० लाख बजेट विनियोजन गरेको छु । साथै पर्यटन पुर्वाधार विकासको निम्ति समेत आवश्यक बजेट व्यवस्था गरेको छु ।

**<u>अध्यक्ष महोदय,</u>**

३०. लक्षित वर्गको क्षमता विकास, सामाजिक उत्थान, समावेशीकरण, लक्षित कार्यक्रमको निम्ति बजेटको व्यवस्था गरेको छु । दलित वर्ग, अशक्त अपाङ्ग, जेष्ठ नागरिक, आदिवासी जनजाती, लैङ्गिक रुपमा पिछडिएको वर्ग को निम्ति आवश्यक बजेटको व्यवस्था मिलाएको छु । महिला विकास तथा बालबालिका सम्बन्धि कार्यक्रमको निम्ति रु १५ लाख बजेट व्यवस्था मिलाएको छु । विपन्न वर्गका घरहरुका खरका छाना प्रतिस्थापन कार्यको निम्ति रु १० लाख बिनियोजन गरेको छु ।

३१. युवा वर्गमा उद्धमशिलता जागृत गराउनको निम्ति युवा आयआर्जन कार्यक्रम र युवा स्वरोजगार कार्यक्रमको निम्ति आवश्यक बजेट व्यवस्था मिलाएको छु । भर्खरै सुरु भएको प्रधानमन्त्री रोजगार कार्यक्रमलाई स्थानीय तहका योजना तथा कार्यक्रममा आबद्ध गर्दै लैजान आवश्यक व्यवस्था मिलाईनेछ । खेलकुद विकास को निम्ति अध्यक्ष कप खेलकुद कार्यक्रमलाई निरन्तरता दिईनेछ । राट्रपति रनिङ शिल्ड प्रतियोगिताको निम्ति आवश्यक व्यवस्था गरेको छु । साथै खेलकुद मैदान निर्माणको निम्ति आवश्यक बजेट व्यवस्था मिलाएको छु ।

३२. यस गाउँपालिका अन्तर्गत सबै स्वास्थ्य चौकीमा अति आवश्यक औषधिहरु को सहज उपलब्धताको निम्ति आवश्यक बजेट व्यवस्था मिलाएको छु । साथै आकष्मिक रुपमा विरामीलाई उच्च स्तरको स्वाश्थ्य केन्द्र मा लैजानको निम्ति एम्वुलेन्स खरिदको निम्ति आवश्यक बजेट विनियोजन गरेको छु

। महिला स्वास्थ्य स्वं सेविका M हेल्थ कार्यक्रम र सरसफाई कार्यक्रमको निम्ति आवश्यक बजेट व्यवस्था मिलाएको छु ।

३३. शिक्षा अत्यन्तै महत्वपुर्ण क्षेत्र हो । माद्यामिक तहसम्मको शिक्षाको व्यवस्थापनको अधिकार तथा कर्तव्य स्थानीय तहको हो । आगामी वर्षमा यस गाउँपालिका अन्तर्गत सम्पुर्ण विद्यालयलाई विद्यालय व्यवस्थापन सुचना प्रणालीमा आवद्द गरी गाउँ कार्यपालिकाको कार्यालयबाट नै नियन्त्रण, अनुगमन, मुल्याङ्कन , तथ्याङ्क प्राप्त गर्ने व्यवस्था मिलाएको छु । विरुवा गाउँपालिका अन्तर्गत कम्तिमा एक विद्यालयलाई नमुना विद्यालयको रुपमा विकास गरिनेछ । सो को लागि आवश्यक बजेट व्यवस्था मिलाएको छु । विरुवा बहुमुखी क्याम्पसको भौतिक पुर्वाधार निर्माणको निम्ति आवश्यक बजेट व्यवस्था मिलाएको छु । पुर्व प्राथमिक कक्षाका सहजकर्ताको प्रोत्साहनको निम्ति प्रतिमहिना रु एक हजार खाजा खर्चको व्यवस्था मिलाएको छु । आदिवासी जनजातीको वाहुल्यता रहेको यस गाउँपालिका मा उनीहरुको भाषा संस्कृति संरक्षणको निम्ति जनप्रिय पिपलभञ्ज्याङ आ.वि., बाहुँमा भाषा कक्षा सञ्चालनको सुरुवात गर्न आवश्यक बजेट व्यवस्था मिलाएको छु । साथै अन्य विद्यालयको क्षमता वृद्धि तथा शैक्षिक गुणस्तर अभिबृद्धिको निम्ति आवश्यक बजेट व्यवस्था मिलाएको छु । विद्यालय व्यबस्थापन समिति, प्र.अ. तथा लेखा कर्मचारीलाई आवशयक तालिमको व्यवस्था मिलाएको छु । साथै विद्यार्थीलाई अतिरिक्त बाह्य क्रियाकलापमा समेत सक्रिय गराउन आवश्यक बजेट व्यवस्था मिलाएको छु ।

३४. यस गाउँपालिकाका विद्यालयमा प्राविधिक शिक्षा अध्यापन कार्य सुरुवात गर्ने विद्यालयलाई प्रोत्साहन स्वरुप अनुदान व्यवस्था मिलाएको छु । यसै वर्ष प्राविधिक शिक्षा सञ्चालन ल्याउने जामुनेडाँडा मा.वि. लाई रु १७ लाख र भुरुङ चौकी मा.वि. लाई रु १३ लाख ५० हजार व्यवस्था मिलाएको छु । पूर्व प्राथमिक बाल शिक्षा देखी कक्षा ३ सम्मका विद्यार्थीहरुलाई झोला वितरण कार्यक्रमको निम्ति आवश्यक बजेट व्यवस्था मिलाएको छु ।

३५. कार्यालयका काम कार्बाहीलाई सुचना प्रविधिमैत्री बनाई विद्युतिय सुशासन अभिबृद्धि गर्नको निम्ति आवश्यक बजेट व्यबस्था मिलाएको छु । गाउँपालिकाको प्रशासकीय भवन तथा वडा कार्यालयको भवनको डि पि आर कार्यको निम्ति रु १४ लाख बिनियोजन गरेको छु । गाउँ कार्यपालिकाको सुशासन अभिवृद्धि कार्यको निम्ति डिजिटल बडापत्र को निम्ति आवश्यक बजेट व्यवस्था गरेको छु । गाउँपालिका अन्तर्गतका विभिन्न वडा कार्यालयहरूका लागि आवश्यक भवन निर्माण गर्नका लागि जग्गा व्यवस्थापन कार्यको निम्ति बजेटको व्यवस्था मिलाएको छु ।

३६. जनताका गुनासाहरु प्रत्यक्ष रुपमा सम्बोधन गर्ने प्रयोजनको निम्ति जनतासँग जनप्रतिनिधी तथा जेष्ठ बृद्ध स्याहार कार्यक्रम सञ्चालनमा ल्याउन आवश्यक व्यवस्था मिलाएको छु । साथै जनप्रतिनिधि क्षमता तालिम सञ्चालनमा ल्याईने छ ।

**अध्यक्ष महोदय,**

३७. विरुवा गाउँ कार्यपालिका अन्तर्गतका वडा कार्यालयलाई गाउँ कार्यपालिकाको कार्यालय जोड्ने सडक निर्माण तथा विस्तारको कार्यक्रमलाई निरन्तरता दिईनेछ । खाली विरुवा सडक निर्माणको लागि रु ३० लाख रकम विनियोजन गरेको छु । भञ्ज्याङ विरुवा सडकको स्तरोन्नति कार्यको निम्ति रु १० लाख रकम विनियोजन गरेको छु । मेथाभुरुङ सपाउँदे कुमेरुदुङ ग्रामिण सडक स्तरोन्नतिको निम्ति आवश्यक बजेट व्यवस्था मिलाएको छु । साथै अन्य सहायक सडक निर्माण, विस्तार तथा विकास को निम्ति आवश्यक बजेट व्यवस्था मिलाएको छु ।

३८. स्वर्गीय बेलबहादुर थापा को सम्झनामा ४ नं. वडा अन्तर्गत बाहुँमा वेल बहादुर स्मृति सामुदायिक भवन निर्माण कार्यको लागी आवश्यक बजेट व्यवस्था मिलाएको छु । विरुवा गाउँपालिकाको सदरमुकाममा पुष्पमदन वहुउद्धेश्यीय आवासीय भवन निर्माण कार्यको निम्ति रु १५ लाख रकम

विनियोजन गरेको छ । त्यस्तै गाउँपालिका अन्तर्गत रहेका समाज घर, आमा समुह, क्लबका भवन निर्माण कार्यको निम्ति आवश्यक बजेट व्यवस्था मिलाएको छ ।

३९. विरुवा गाउँपालिका अन्तर्गत विद्युतीकरण कार्यक्रमको लागि आवश्यक बजेट व्यवस्था गरेको छ ।

४०. प्रकोप व्यवस्थापनको लागि रू १० लाख र आकष्मिक परिस्थितिजन्य भौतिक निर्माणको लागि रू ८ लाख बजेटको व्यवस्था मिलाएको छ । प्रकोप व्यवस्थापन कार्यक्रमको रकमलाई बैंकमा छुट्टै खाता खोली यसै आर्थिक वर्षदेखि विपद व्यवस्थापन समिति मार्फत खर्च गर्ने व्यवस्था मिलाईनेछ ।

४१. आगामी आर्थिक वर्षका लागि क्षेत्रगत रुपमा प्रस्तावित आयोजना तथा कार्यक्रमहरूलाई छुट्टाछुट्टै अनुसूचीमा प्रस्तुत गरेको छ । विस्तृत विवरण अनुसूचीहरूबाट लिन सकिनेछ ।

**अध्यक्ष महोदय,**

प्रस्तुत बजेट तर्जुमाको लागि मार्गनिर्देशन गर्नुहुने गाउँपालिका अध्यक्ष ज्यू, गाउँ र वस्तिहरुमा योजना छनौट गर्न सहयोग पुर्याउने वडा अध्यक्ष ज्यू, वडा सदस्य ज्यूहरु, राजनैतिक दलहरु, विभिन्न संघ संस्थाहरु, पत्रकार मित्रहरु सबै क्षेत्रका विशिष्टीकृत महानुभावहरु एवं राष्ट्र सेवक कर्मचारीहरुमा हार्दिक धन्यवाद व्यक्त गर्न चाहान्छु ।

प्रस्तुत आर्थिक ऐन तथा बुनुयोजन ऐनमा व्यवस्था भएको नीति, कार्यक्रम र बजेटलाई गाउँ सभाबाट पारीत गरी प्रस्तुत बजेटको सफल कार्यान्वयनमा सकारात्मक सहयोग गर्नुहुन सम्पुर्ण गाउँ सभा सदस्यज्यूहरुलाई हार्दिक अनुरोध गर्दछु । साथै बजेटको सफल कार्यान्वयनको क्रममा आवश्यक सहयोगको लागि राजनैतिक दलहरु, विभिन्न संघ संस्थाहरु, पत्रकार मित्रहरु, सबै क्षेत्रका विशिष्टीकृत महानुभावहरु एवं राष्ट्र सेवक कर्मचारिहरुमा विशेष अनुरोध गर्दछु । धन्यवाद ।

**देवी कुमारी थापा**

उपाध्यक्ष

विरुवा गाउँपालिका, स्याङ्जा ।

२०७६।०३।१०

# विरुवा गाउँपालिकाको
# विनियोजन विधेयक, २०७६

गाउँ सभाबाट स्वीकृत मितिः २०७६।०३।१०

**विरुवा गाउँपालिका**
**स्याङ्जा जिल्ला**
**गण्डकी प्रदेश**

विरुवा  गाउँपालिकाको आर्थिक बर्ष २०७   ६/७७ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,

सभाबाट स्वीकृत मितिः २०७६।०३।१०

**प्रस्तावनाः**

